बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्या: २०८२/०८३
सूचना नं. : ५

बागमती प्रदेश, नेपाल

मिति: २०८२/०४/२०

## व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी सूचना !!!

प्रस्तुत विषयमा यस बलेफी गाउँपालिका भित्र सञ्चालनमा रहेका थोक तथा खुद्रा पसल, बैंक तथा वित्तीय संस्था, खानीजन्य उद्योग व्यवसाय गर्ने व्यवसायीहरुले यस गाउँपालिकाको व्यवसाय दर्ता निर्देशिका, २०८१ को दफा ६ बमोजिम यस गाउँपालिकामा व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ। साथै, यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीहरुले आ.व.२०८२/०८३ मा आफ्नो व्यवसाय दर्ता नवीकरण गर्नका लागि अनिवार्य रुपमा तपसिल बमोजिमको कागजात बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरी आफ्नो व्यवसाय दर्ता तथा नवीकरण गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

<u>तपसिल:-</u>

**नयाँ व्यवसाय दर्ताकालागि आवश्यक कागजातहरु:-**

- रित पुगेको निवेदन,
- व्यवसायीको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी,
- व्यवसायीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति,
- सम्वन्धित वडा कार्यालयको सिफारिस,
- वडा सर्जमिन मुचुल्का,
- व्यवसायको लागि घर/जग्गा भाडामा लिएको भए भाडा करार सम्झौता पत्र,

**व्यवसाय नवीकरणको लागि आवश्यक कागजातहरु:-**

- निवेदन,
- सक्कलै व्यवसाय दर्ता प्रमाण-पत्र,
- प्यान दर्ता प्रमाण-पत्रको प्रतिलिपी,

..................

(लोकेन्द्र बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०११-४००५३८ इमेल: balephi2017@gmail.com वेबसाइट: https://www.balephimun.gov.np
फेसबुक: www.facebook.com/balephiruralmunicipality
"कृषि योग्य, व्यापारिक र पर्यटकीय ठाउँ, नवीन सोच सहितको समृद्ध बलेफी गाउँ"